नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
फोन नं. ०१४२६५९०८
बबरमहल,
काठमाडौं, नेपाल।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय काठमाडौं

## स्थानीय प्रशासन ऐन, २०२८को दफा ६ को उपदफा (३क) बमोजिम काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी भएको आदेश

अति विशिष्ट पदाधिकारीको निवास, कार्यालय वा मुलुकको प्रशासनिक केन्द्र तथा मुख्य आगमन मार्गहरुमा भेला जम्मा भई अनसन, धर्ना, घेराउ र विरोध प्रदर्शन जस्ता कार्यक्रमहरू आयोजना गर्दा विभिन्न समूहबीच आपसी विवाद, झैझगडा, मुठभेड एवम् भिडन्त भई शान्ति सुरक्षा भङ्ग हुन सक्ने तथा हुलदंगा वा अशान्ति हुन सक्ने भई समग्र शान्ति सुरक्षामा प्रत्यक्ष असर पर्नुको साथै सर्वसाधारण नागरिकको सेवा प्रवाहका लागि प्रयोग हुने मुख्य मार्गमा अवस्थित सार्वजनिक सेवा प्रदायक निकाय एवम् महत्वपूर्ण प्रतिष्ठानहरूको कामकारवाही, सार्वजनिक सम्पत्ति संरक्षण एवम् सुरक्षा र एम्बुलेन्स, दमकल, अस्पताल, खानेपानी लगायतका अत्यावश्यक सेवा तथा सेवा प्रवाहका लागि प्रयोग हुने मुख्य आवागमन मार्ग, अत्यावश्यक आपूर्ति व्यवस्थापनसँग सम्बन्धित दुई वा सो भन्दा बढी जिल्ला जोड्ने राजमार्ग रञ सार्वजनिक यातायात अवरूद्ध हुने अवस्था समेतलाई मध्यनजर गरी जिल्ला सुरक्षा समिति काठमाडौंको सिफारिस समेतका आधारमा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३क) बमोजिम देहायको क्षेत्रमा मिति २०८०।०९।०४ देखि बढीमा २ (दुई) महिनासम्मका लागि पाँच जनाभन्दा बढि व्यक्ति भेला जम्मा भई जुलुस, प्रदर्शन, धर्ना, घेराउ, अनसन, घेराउ, सभा जस्ता आन्दोलन वा विरोधका कार्यक्रम गर्न निषेध गरेको आदेश जारी गरिएको छ।

**तपसिल**

**क) शितल निवास (राष्ट्रपति कार्यालय) को निषेधित क्षेत्रः-** पूर्व पुरानो पवित्र वर्कशप चोक, पश्चिम सामाखुसी निस्कने नाला, उत्तर राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको दक्षिण पूर्वी गेट, दक्षिण प्रहरी अस्पताल जाने मोडसम्म।

**ख) प्रधानमन्त्री निवास वालुवाटारको निषेधित क्षेत्रः-** पुरानो पवित्र वर्कशप चोकबाट रसियन राजदुतावास हुँदै ईटालीया चोक, सभामुख निवासदेखि गैह्रीधारा जाने बाटोको पश्चिम दक्षिण १०० मिटर, प्रधान न्यायाधीश निवासबाट लाजिम्पाट जाने १०० मिटर पश्चिम, राष्ट्रबैंक चोकबाट पूर्वतर्फ १०० मिटर, इटालीया चोकबाट ५० मिटर दक्षिणसम्म।

जितेन्द्र बस्नेत
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
फोन नं. ०१४२६५९०८
बबरमहल,
काठमाडौं, नेपाल।

ग) **संसद भवन नयाँ बानेश्वरको निषेधित क्षेत्रः-** संसद भवन र परिसर दक्षिणतर्फको पेटीसँग जोडिएको सर्भिस ट्र्याकसम्मको भाग, संसद भवनको पश्चिमतर्फको थापागाउँ जाने बाटोको दक्षिण किनारादेखि नयाँ बानेश्वर चोकसम्मको सम्पूर्ण सडक खण्ड, संसद भवनको दक्षिण पूर्वी किनाराको सर्भिस ट्र्याक हुँदै नयाँ बानेश्वर चोकदेखि ७५ मिटर पश्चिमसम्मको सर्भिस ट्र्याकसम्म।

घ) **सिंहदरबारको निषेधित क्षेत्रः-** भद्रकाली मन्दिर पूर्व तिनकुने आइल्याडको पूर्वी कुनादेखि पूर्वतर्फ सिंहदरवार मूलगेटसम्म, पद्मोदय मोडदेखि सिंहदरवार मूलगेटबाट सर्वोच्च अदालत अगाडी हुँदै माईतीघर मण्डलासम्म, पद्मोदय मोडदेखि पूर्वतर्फ महालेखा परीक्षक कार्यालय अगाडि हुँदै अनामनगरतर्फ जाने सिंहदरवारको उत्तरपूर्वी मोड र सो मोडबाट सिंहदरवार पूर्वी गेट हुँदै हनुमानस्थान मन्दीरसम्म, माईतीघर मण्डलादेखि सिंहदरवार दक्षिण गेटहुँदै हनुमानस्थान मन्दिरसम्म, बबरमहलस्थित जिल्ला अदालत मोडको प्रवेश मार्गदेखि जिल्ला प्रशासन कार्यालय हुँदै हनुमानस्थान मन्दिर जाने बाटोसम्म।

ङ) **हरित गृह (उपराष्ट्रपति कार्यालय) को निषेधित क्षेत्रः-** केशरमहल चोकदेखि लैनचौर मोड हुँदै मल्ल होटलको सिमानासम्म।

च) **माइतीघर मण्डलादेखि बानेश्वरचोक सम्मको निषेधित क्षेत्रः-** माईतीघर मण्डलाको चारैतर्फ र माइतीघर मण्डलादेखि बबरमहल, बिजुलीबजार पुल हुँदै नयाँ बानेश्वर चोकसम्म।

२०८०।०५।०४

(जितेन्द्र बस्नेत)
प्रमुख जिल्ला अधिकारी